UMH
UNITED MODI HYDROPOWER

# UNITED MODI HYDROPOWER LTD.
Lower Modi-1 Hydropower Project (10 MW)
युनाईटेड मोदी हाइड्रोपावर लि.
तल्लो मोदी-१ जलविद्युत आयोजना (१० मे.वा.)
दर्ता नं ४५१८५/०६४/०६५

प.सं: ०७९/०८०/८६ मिति: २०७९/०९/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : सञ्चालकहरुको राजिनामा स्वीकृत गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको मिति २०७९/०९/११ गते कम्पनीको रजिष्टर्ड कार्यालयमा अपरान्ह ३:०५ बजे शुरु भई ३:३० मा सम्पन्न भएको सञ्चालक समितिको बैठकले कम्पनीका सञ्चालक श्री मुकुन्द प्रसाद तिमिल्सिनाज्यू उहाँको व्यक्तिगत तथा विविध कार्य व्यस्तताका कारणले यस कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गरी सञ्चालक पदमा रहि कार्य गर्न असमर्थ भएको भनि राजिनामा पेश गर्नुभएको तथा कम्पनीका सञ्चालक तथा प्रबन्ध सञ्चालक श्री सुधिर प्रसाद तिमिल्सिनाज्यूले उहाँको व्यक्तिगत तथा विविध कार्य व्यस्तताका कारणले यस कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गरी सञ्चालक तथा प्रबन्ध सञ्चालक पदमा रहि कार्य गर्न असमर्थ भएको भनि राजिनामा पेश गर्नुभएकाले उहाँहरुको राजिनामा स्वीकृत गर्ने निर्णय गरेको तथा सो का कारणले उक्त सञ्चालक पदहरु रिक्त भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ । साथै सोहि सञ्चालक समितिको निर्णय बमोजिम कम्पनीको प्रबन्ध सञ्चालक पद समेत रिक्त भएकाले अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि कम्पनी व्यवस्थापन तथा सञ्चालन सम्बन्धि सम्पूर्ण कार्यकारी लगायतका अन्य काम कारवाहि गर्ने जिम्मेवारी तथा अधिकार कम्पनीका अध्यक्ष श्री नरेन्द्र बल्लभ पन्तज्यूमा निहित हुने तहाँको जानकारीका लागि निवेदन गर्दछौं । सधन्यवाद,

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

..........................
कैलाश पाण्डे
कम्पनी सचिव

*बोधार्थ :*

*१. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।*

*२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।*

**Central Office**
1st Floor, Heritage Plaza-II, Kamaladi
Kathmandu, Nepal
Tel: 01-4169114, Fax: 01-4169113
E-mail: unitedmodi@ntc.net.np
Website: www.umh.com.np

**Site Office**
Dovilla, Kushma-08, Parbat
Tel/Fax: 067-421163